# सामग्री निर्माण प्रक्रिया र ग्राफिक डिजाइन

## उद्धेश्य:

- सहभागीहरूलाई ग्राफिक डिजाईनको आधारभूत सिद्धान्तहरूसँग परिचित गराउने
- सहभागीहरूलाई इन्टरनेटमै  डिजाईन गर्न मिलने वेबसाइट, क्यानभा (Canva) सँग परिचित गराउने
- सहभागीहरूलाई पाठ योजनाहरू तयार पार्ने प्रक्रियाको अनुभव दिने

## वर्कसप पूर्व गर्नुपर्ने कामहरू:

- मिरो बोर्ड (Miro Board) तयार पार्नुहोस्
  नोट: कार्यशालामा *Miro* को उपयोग गर्नको लागी सहजकर्ताले माथी लिंक गरिएको बोर्ड जस्तै एउटा बोर्ड बनाउनु आवश्यक छ। यो भिडियोले कार्यशालाहरुको लागी *Miro* को उपयोग गर्न सिकाउँछ।

- प्रस्तुत गर्ने स्लाईड खोल्नुहोस्

- क्रियाकलाप गराउँदा प्रयोग गर्नका लागि निम्न कार्यपत्रहरू ठिक पारेर राख्नुहोस्
  - डिजाईन बारे रमाइलो कृयाकलाप
  - मैले सोच्ने गर्थें . . . र म अब सोच्छु . . .

- क्यानभामा सामुहिक कार्यका लागि खाली बोर्डहरू बनाउनुहोस्। कसरी डिजाइनमा सहकार्यका लागी क्यानभाको उपयोग गर्न सकिन्छ भनेर जान्नका लागी यो भिडियो हेर्नुहोस्।

## सहजकर्ताका लागी नोट:


- यदि तपाई मिरो जस्तै हवाइटबोर्ड टूल प्रयोग गर्दै हुनुहुन्छ भने  सुनिश्चित गर्नुहोस् कि सहभागीहरु यस साधनसंग परिचित छन। तपाइँ कार्यशाला को शुरुवातमा मिरो सँग परिचय गराउन एक छोटो २०-३० मिनेटको सत्र गर्न सक्नुहुन्छ, र त्यस पछी कार्यशाला को प्रवाहसंग अघि बढ्न सक्नुहुन्छ।
- भौतिक कार्यशालामा व्हाइटबोर्ड एप्लिकेसनको उपयोग गर्न सम्भव छैन भने तपाइँ स्टिकी नोट्स र न्यूजप्रिन्ट कागजको प्रयोग गरी सबै काम भौतिक रूपमै गर्न पनि सक्नु हुन्छ।
- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग  निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको  "***theme 2: Creating Digital Contents***"मा हेर्नुहोस्।

## प्रयोग हुने प्रविधिहरू

- मिरो (Miro)

## कार्यतालिकाः

| विषय | उद्देश्य | विवरण |
|---|---|---|
| एनर्जाइजर<br><br>१० /१० मिनेट | सहभागीहरूलाई डिजाइनको बारेमा आलोचनात्मक रुपमा सोच्न लगाउने<br><br>सहभागीहरूलाई डिजाइनका तत्वहरूको(Elements of Design) बारेमा जिज्ञासु बनाउने<br><br>सहभागीहरूलाई एकअर्कासँग खुलेर कुराकानी गराउने | आफ्नो परिचय दिनुहोस् तथा कार्यशालाको बारेमा जानकारी दिनुहोस्।<br><br>कार्यशाला रमाईलोसँग सुरु गर्न ग्राफिक डिजाइनसित सम्बन्धित **Energizer** गर्नुहोस् । कार्यशालामा धेरै सामूहिक कामहरू गरिने भएकाले सहभागीहरूलाई चारदेखि पाँच जनाको समूहमा विभाजन गर्नुहोस्।<br><br>आफ्नो स्क्रिन शेयर गरी सहभागीहरूलाई उनीहरूले काम गर्ने मिरो फ्रेम देखाउनुहोस् । सम्बन्धित लिंक साझा गर्नुहोस् र समूहमा यो क्रियाकलाप गर्न १० मिनेट समय दिईएको कुरा जानकारी गराउनुहोस् ।<br><br>संचालकको लागी नोट: यो क्रियाकलापको बारेमा अझै जान्नको लागि यस कार्यपत्रमा हेर्नुहोस् ।<br><br>सहभागीहरूले काम सकिसकेपछि तपाईँको स्क्रिनमा आफ्नो मीरो फ्रेम देखाउनुहोस्  र सहभागीहरूको प्रतिक्रिया लिनुहोस्। बुझ्न नसकिने खाले वा रमाइला प्रतिक्रियाहरू छन् भने, सम्बन्धित समूहलाई अन-म्यूट गरी ती प्रतिक्रिया विस्तृतमा भन्न लगाउनुहोस्। |
| ग्राफिक डिजाईनका तत्वहरू<br><br>१५ /२५ मिनेट | सहभागीहरूलाई डिजाइनका तत्वहरूको बारेमा सचेत गराउने | संचालक - "तपाईँले भर्खर केहि नमूना डिजाइनहरू विश्लेषण गर्नुभयो र राम्रो डिजाइनको केही महत्त्वपूर्ण पक्षहरू देख्नुभयो। अब डिजाइनका आधारभूत सिद्धान्तहरूलाई नियालेर हेरौँ। "<br><br>प्रस्तुत स्लाइडमा डिजाइनका आधारभूत पक्षहरू समावेश गरिएका छन्। ती डिजाइनका सिद्धान्तहरूको बारेमा संक्षेपमा भन्नुहोस्:<br><br>• रंग (Color)<br>• दृश्य वजनको सन्तुलन  (Balancing Visual Weight)<br>• फन्ट (Font)<br>• क्रम (Hierarchy)<br><br>कार्यशालामा संवाद होस् भन्नका लागि सहभागीहरूलाई नमूना डिजाइनहरूका बारे उनीहरूको विचार सोध्नुहोस्, र माथीका चारवटा सिद्धान्तहरूका आधारमा विचारहरू प्रस्तुत गर्न लगाउनुहोस् । यो क्रियाकलापमा समय र सहभागीताको बिचमा सन्तुलन आवश्यक भएकाले माथिका चार बिषय मध्ये प्रत्येकलाई  ३ देखी ४ मिनेट भन्दा धेरै समय नदिनुहोस् ।<br><br>संचालकको लागी नोट: यस विषयमा थप जान्नको लागि यी सन्दर्भ सामग्रीहरू हेर्नुहोस्। |

| | | |
|---|---|---|
| योजना<br><br>१०/३५ मिनेट | सहभागीहरूको डिजाइनका लागि योजनाहरू तयार गराउने<br><br>तयार भएका योजनाहरूबाट काम गर्नका लागि केही योजनाहरू चयन गराउने | तपाइँको स्क्रिनमा अब सहभागीहरूले काम गर्ने मिरो बोर्ड खोलेर देखाउनुहोस्।<br><br><br><br>स्क्रिन शेयर गर्नुहोस् र अब गर्ने क्रियाकलाप माथि चित्रमा देखाइए जसरि व्याख्या गर्नुहोस्।<br><br>• एरोले गर्नु पर्ने कामहरूको क्रमलाई संकेत गर्दछ।<br>• पहिला सहभागीहरूले उनीहरूको रूचीको विषयहरू सोच्छन्।<br>• अनि, डिजाईन मार्फत आफ्ना दर्शकहरूमा कस्तो भावनाहरू र विचारहरू जगाउन चाहन्छन् भनेर उनीहरूले निर्णय गर्छन्।<br>• अब यी दुई वटा कुराहरू मिलाएर, उनीहरूले अन्तिम नोटमा आफूले छानेको समस्याको वर्णन गर्नेछन्।<br><br>सम्बन्धित लिंक साझा गर्नुहोस्। यस क्रियाकलापका लागि सहभागीहरूसँग ७ मिनेट मात्र भएकाले आफ्ना विचारहरूका बारे धेरै आलोचनात्मक नभई स्वतन्त्र रूपमा सोच्न आग्रह गर्नुहोस्।<br><br>सहभागीहरूको काम सकिसकेपछि उनीहरूलाई आफ्नो स्क्रिन शेयर गर्नु लगाउनुहोस् र अरू समुहको कामलाई |

| | | |
|---|---|---|
| | | हेर्न २ मिनेट समय दिनुहोस्। तपाइँले त्यसो गर्दा सहभागीहरूको प्रस्तुतिका बारे आफ्नो टिप्पणी पनि दिनुहोस्। |
| क्यान्भाको अध्ययन<br><br>१५ /५० मिनेट | सहभागीहरूलाई क्यान्भाको आधारभूत उपकरणहरू सिकाउने | सहभागीहरूलाई क्यान्भाको बारेमा जानकारी दिनुहोस्। आफ्नो स्क्रिन शेयर गरी, उनीहरूलाई क्यान्भाको विभिन्न विशेषताहरू देखाउनुहोस्। क्यान्भाको लिंक साझा गर्नुहोस्।<br><br>निम्न फिचरहरूमा ध्यान दिनुहोस्:<br><br>● डिजाईनमा टेक्स्ट (text) र एलिमेन्ट्स (elements) हरू हाल्ने<br>● टेक्स्ट र एलिमेन्ट्सहरूको रंग, रूप र आकार परिवर्तन गर्ने<br>● डिजाईनका धेरै भागहरू एकसाथ चयन गर्ने र तिनीहरूलाई पङ्तिवद्ध गर्ने<br>● वस्तुहरू तान्दै सार्ने<br><br>प्रत्येक कामको प्रदर्शन पछि, सहभागीहरूलाई  प्रयोग गरेर हेर्न एक मिनेट समय दिनुहोस्। अन्त्यमा, कुनै विशेषता वा फिचर दोहोर्याएर देखाउनुपर्छ कि भनेर सोध्नुहोस् र संक्षिप्त रुपमा तिनको व्याख्या गर्नुहोस् ।<br><br>यस कार्यशालाका प्रायः सहभागीहरूका लागि क्यान्भा नयाँ भएकाले कार्यशाला सरल राख्न चाहेको कुरा, सहभागीहरूले आफ्नो डिजाईन सुरु गर्नु अघि नै उनीहरूलाई सूचित गर्नुहोस् । त्यसैले सहभागीहरूलाई निम्न वस्तुहरू मात्र  प्रयोग गर्न अनुरोध गर्नुहोस्:<br><br>● एलिमेन्ट्स मेनू अन्तर्गतका चित्रहरू (Graphics under element menu)<br>● टेक्स्ट टेम्पलेटहरू (Text templates)<br>● पृष्ठभूमिको रंग (Background Color)<br><br>संचालकको लागी नोट: अझ बढि सिक्नको लागि यो भिडियो हेर्नुहोस्। |
| डिजानका नमुनाहरू<br><br>१५ /६५ मिनेट | सहभागीहरूलाई क्यानभाका उपकरणहरू प्रयोग गरि डिजाइनका सिद्धान्तहरू लागू गर्न लगाउने<br><br>सहभागीहरूलाई डिजाइन गर्नका लागि अनलाइन हुन सक्ने  सहकार्यको अनुभव गराउने | सहभागीहरूले आवश्यक आधारभूत कुराहरू सिकिसकेकाले, अब उनीहरूलाई आफ्ना डिजाइनहरूमा काम गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई सामुहिक कार्यका लागि एक-एक वटा क्यान्भा बोर्डको लिंक दिनुहोस्। उनिहरूले काम सुरु गर्नु अघि निम्न कुराहरूमा जोड दिनुहोस्:<br><br>● एउटै डिजाईनमा काम गर्दा आपसमा कार्य विभाजन गर्ने<br>● समुहका सदस्यहरूसँग निर्धक्क छलफल गर्ने<br>● काम गर्दा स्पष्ट हुन पहिले बनाएको योजना हेर्ने<br><br>सहभागीहरूलाई यो क्रियाकलापको लागि १० मिनेटको समय दिनुहोस्। |
| प्रतिक्रिया | सहभागीहरूलाई डिजाइनहरूको विश्लेषण गर्न र प्रतिक्रिया दिन | सहभागीहरूलाई एकअर्काको डिजाईनमा प्रतिक्रिया दिनको लागि तयार गराउनुहोस् । प्रत्येक टोलीको काम प्रस्तुत गर्दै अन्य टोलीहरूलाई त्यस डिजाईनमा मनपरेको एक चीज र सुधार गर्न सकिने एक चीज उल्लेख गर्न |

| | | |
|---|---|---|
| १०/७५ मिनेट | लगाउने<br><br>सहभागीहरूलाई प्राप्त प्रतिक्रियाहरूको मूल्याङ्कन गर्न र त्यस अनुसार आफ्नो डिजाईन हेर-फेर गर्न लगाउने | लगाउनुहोस् ।<br><br>संचालकको लागी नोट: प्रतिक्रियाको महत्त्वलाई जोड दिनुहोस् ताकि सबै डिजाइनहरूले धेरै प्रतिक्रियाहरू प्राप्त गरून्। सामान्यतया सुरुका डिजाइनहरूले धेरै प्रतिक्रिया प्राप्त गर्दछन् र अन्तिमकाले केहि कम प्राप्त गर्दछ। |
| डिजाइनहरूको पुनर्विचार<br><br>१०/८५ मिनेट | सहभागीहरूलाई प्रतिक्रियाको आधारमा आफ्नो डिजाइन सुधार गराउने | प्रतिक्रियाको आधारमा सहभागीहरूलाई उनीहरूको डिजाइनहरू संशोधन गर्न आग्रह गर्नुहोस्। सबै प्रतिक्रियाहरू स्वीकार गर्नु नपर्ने कुरामा जोड दिनुहोस्। कुनै प्रतिक्रिया मान्य छन् भने मात्र लागू गर्न र अन्य प्रतिक्रियालाई वेवास्ता गर्न सहभागीहरूलाई लगाउनुहोस्।<br><br>उनीहरूलाई यो क्रियाकलापको लागि ८ मिनेट दिनुहोस्। यो क्रियाकलाप सकिसकेपछि प्रत्येक समूहलाई एक जना प्रतिनिधि छान्न लगाउनुहोस्, जसले आफ्नो समूहको काम सबै सामु प्रस्तुत गर्नेछन्। प्रस्तुति हुन्जेल समुहका अरू सदस्यले आफ्नो डिजाइनलाइ परिस्कृत गर्नेछन्। |
| प्रस्तुतिकरण र सिकाई उपलब्धि<br><br>१०/९५ मिनेट | सहभागीहरूलाई आफ्नो अनुभव सबैसामु भन्न लगाउने<br><br>सहभागीहरूलाई उनीहरूको सिकाई उपलव्धिहरू प्रस्तुत गराउने | आफ्नो स्क्रिन प्रस्तुत गर्नुहोस् र प्रत्येक समुहबाट एक सदस्यलाई उनीहरूको डिजाईन प्रस्तुत गर्न लगाउनुहोस्। प्रत्येक व्यक्तिले एक मिनेट भन्दा बढि समय नपाउने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुहोस् । दिईएको समय सकिएमा सहभागीहरू लाई रोक्नुहोस्।<br><br>TMPI स्लाइड प्रस्तुत गर्नुहोस् र सहभागीहरूलाई TMPI चक्रको प्रत्येक चरणलाई उनीहरूको डिजाईन प्रक्रियासँग तुलना गर्न अनुरोध गर्नुहोस्। सहभागीहरूको प्रतिक्रियालाई आधार बनाई TMPI चक्र कसरी कुनै पनि सिर्जनात्मक कार्यमा प्रयोग गर्न सकिन्छ, बताउनुहोस्।<br><br>"पहिला म सोच्थेँ... अहिले म सोच्छु..." (I used to think... And I now think...**)** सोच्ने शैली प्रयोग गरेर सहभागीहरूको विचार लिनुहोस् र आजको सत्र समाप्त गर्नुहोस्<br><br>सहभागीहरूलाई आफ्ना विचारहरू लेख्न र साथीहरूले के लेखेका छन् पढ्न २ मिनेट दिनुहोस्।<br><br>संचालकको लागी नोट: यस क्रियाकलापको बारेमा विस्तृत रूपमा जान्नको लागि कार्यपत्र हेर्नुहोस्। |